# स्थानीय राजपत्र

तानसेन नगरपालिका, पाल्याद्वारा प्रकाशित

खण्ड ८) तानसेन, असार महिना २८ गते, २०८१ (संख्या २)

## भाग-१

### तानसेन नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम तानसेन नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०८१ सालको ऐन नं. २

## ऐनको नाम : तानसेन नगरपालिकाको विनियोजन ऐन, २०८१

**प्रस्तावनाः** तानसेन नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम तानसेन नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः**

**(१)** यस ऐनको नाम "तानसेन नगरपालिकाको विनियोजन ऐन, २०८१ हुनेछ ।

(२) यो ऐन सभाबाट पास भए पछि श्रावण १, २०८१ बाट प्रारम्भ हुनेछ ।

**२.आर्थिक वर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८१/०८२ को निमित्त नगर कार्यपालिका, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरु बमोजिम रकम **रु.१,५५,७६,२०,४५७** (**अक्षरेपी एक अरव, पचपन्न करोड, छेहत्तर लाख, वीस हजार चार सय सताउन्न मात्र**) आय-व्यय अन्तर्गत बित्तिय व्यवस्था समेत चालु खर्च तर्फ रकम रु.६२ करोड ५५ लाख ३२ हजार ७५।६ (४०.१५ प्रतिशत) र पूँजिगत खर्च तर्फ रकम रु.९३ करोड २० लाख ८८ हजार ३८१।४ (५९.८५%) समेत गरी सो रकममा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गरिनेछ । र (२) चालु आर्थिक बर्ष भित्रै उल्लेखित श्रोत भन्दा अतिरिक्त कुनै पनि निकायबाट सशर्त वा निशर्त रकम प्राप्त भएमा सो रकम खर्चको लागि बाधा पर्ने छैन तर उक्त रकमको खर्च आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी कार्यपालिकाबाट स्वीकृत गराएर मात्र गर्नु पर्नेछ ।

३. **विनियोजनः**

**(१)** यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त तानसेन नगरपालिकाको नगर कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र

खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

(३) यस नगरपालिकाको २०८१/०८२ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न पारित विनियोजन विधेयकको अनुमानित कार्यक्रम बमोजिम कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च (पदाधिकारीहरुको सुबिधा समेत), वित्तिय व्यवस्था, समपुरक कोष अन्तर्गत सञ्चालन हुने कार्यक्रम, नगरस्तरीय कार्यक्रम (पूजींगत तथा विषयगत प्रर्बद्धनात्मक, अतिरिक्त योजना), विशेष कोष मार्फत सञ्चालन हुने कार्यक्रम, वडास्तरीय कार्यक्रम, सशर्त कार्यक्रमहरु र अन्य खर्च तथा कार्यक्रमहरु तोकिएको बजेट सिमा भित्र रही कार्यक्रम कार्यान्वयन गर्न नगर प्रमुखलाई अख्तियारी प्रदान गरियो ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढी र शिर्षक नै परिर्वतन गर्नु पर्ने भएमा नगरसभाको निर्णय बमोजिम हुनेछ ।

आज्ञाले
(हरिराम नागिला)
प्रमुख प्रशासकीय अधिकृत